# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।२१ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला सर्लाही, हरिपूर्वा नगरपालिकामा कार्यरत कार्यालय सहायक अरुण कुमार यादवलाई साबिक हरिपूर्वा गा.बि.स.मा कार्यालय सहायक पदमा १८ बर्ष उमेर नपुग्दै बिना दरबन्दी नियुक्ती गरी/गराई अख्तियारको दुरुपयोग गरेको भन्नेसमेत ब्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी अरुण कुमार यादवको जन्म मिति २०४७/०६/०५ गते रहेको मिति २०६७/०५/१० गते जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट जारी ना.प्र.नं. ९११०४९/१६५ को नागरिकता प्रमाणपत्र एवं बि.स २०६६ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको School Leaving Certificate बाट देखिएको, निजले गाँउ विकास समितिको कार्यालय, हरिपूर्वा, सर्लाहीमा मिति २०७३/१०/०१ गते देखि मिति २०७५ असार मसान्तसम्म पटक-पटक म्याद थप गर्दै राष्ट्रसेबकको रुपमा सेवा करारमा कार्यरत रहेको देखिएको, उक्त करार सेवा शुरु हुन भन्दा अघि मिति २०७१।०५।३१ गते नै हरिपूर्वा गा.वि.स.वाट प्रतिवादी अरुण कुमार यादवको स्थायी नियुक्त भएको भनी सरकारी लिखतको दुरुपयोग गरी गराई गलत लिखतको आधारमा आ.ब. २०७८/०७९ बाट स्थायी नियुक्ति लिएको देखिएको, हरिपूर्वा गा.वि.स को लेटर प्याड प्रयोग गरी गराई मिति २०७१।०५।३१ गते तयार गरेको देखिने प्रतिवादी अरुण कुमार यादवलाई दिएको गलत तथा नक्कली स्थायी नियुक्ति पत्र सम्वन्धमा स्थानीय स्वायत्त शासन (तेस्रो संशोधन) नियमावली, २०५६ को नियम २१३क. को उपनियम (१) बमोजिम नियुक्ति हुनका लागि स्वीकृत स्थानीय निकायको दरवन्दीमा संवत् २०६४ साल आश्विन मसान्तसम्म अस्थायी नियुक्ति पाई सोही पदमा अविच्छिन्न कार्यरत हुनुपर्ने ब्यवस्था रहेको, उक्त मिति अगावै अस्थायी नियुक्ति लिन नियम २१४ को देहाय (ख) बमोजिम *सहायकस्तरको पदका लागि* **अठार बर्ष उमेर पूरा भएको हुनुपर्ने** कानूनी प्राबधान रहेकोमा प्रतिवादी अरुण कुमार यादव बि.स २०६४ आश्विन मसान्त सम्ममा १७ वर्ष २५ दिन मात्र भएकोले उक्त समयमा नेपाली नागरिकता नै प्राप्त भएको नदेखिएको, आन्तरिक प्रतिस्पर्धाबाट स्थायी नियुक्ति पाएको विषयको नियुक्ति-पत्रको जानकारी तथा सोको अभिलेख अनिवार्य दर्ता हुनुपर्ने कर्मचारी सञ्चयकोष, तत्कालीन निजामती किताबखाना, नागरिक लगानीकोष, तत्कालीन स्थानीय विकास मन्त्रालय र अन्तर्गतका निकाय तथा विभागहरु लगायतका सम्बद्ध अन्य निकाय समेतमा त्यस्तो नियुक्तिको बोधार्थ नियुक्ति दिने अड्डाले अनिवार्य दिनुपर्ने र सम्बन्धीत निकायमा पनि अनिवार्य दर्ता भएको देखिनुपर्नेमा सम्बद्ध सबै निकाय बुझ्दा स्थायी भएको व्यहोरा पुष्टि हुने सवूद प्रमाण नदेखिएको।

त्यसैगरी प्रचलित कानुन बमोजिमको योग्यता नपुगेको व्यक्तिलाई नक्कली नियुक्ति पत्र दिई/लिई सोही आधारमा स्थायी कर्मचारीको रुपमा तलव, भत्ता, संचयकोष कट्टी समेत हुँदै आएकोले तत्कालीन हरिपूर्वा गा.बि.स.का तत्कालीन सचिव राम प्रकाश सिंह दनुवार र हरिपूर्वा नगरपालिका, सर्लाहीमा कार्यालय सहायक पदमा कार्यरत अरुण कुमार यादवको प्रत्यक्ष संलग्नता र मिलेमतोमा बदनियत राखी गलत लिखत तयार गरी गराई करार सेवा रद्ध भएपश्चात उक्त करार अवधी भन्दा अघि नै सोही सार्वजनिक संस्था/हरिपूर्वा गा.वि.स.मा राष्ट्रसेबकको पदमा स्थायी नियुक्ति पाएको भनी सरकारी निकाय नेपाल सरकार, साबिक हरिपूर्वा गा.वि.स. (हाल हरिपूर्वा नगरपालिका) का सार्वजनिक संस्थाको कागजातमा अनाधिकार एवं गैरकानूनी तरिकाले कार्यालय

सहायक तेस्रो पदमा अरुण कुमार यादवका लागि स्थायी नियुक्ति भएको पत्र बनाउने, सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने कार्य गरी गराई गलत लिखत तयार गरी राष्ट्रसेवकको पदमा स्थायी नियुक्ति लिई दिई लाभ लिए दिएको स्थापित भएको हुँदा निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कसूर भएकोले देहायका प्रतिबादीहरुउपर देहायबमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | साविक हरिपूर्वा गा.बि.स.का तत्कालीन सचिव **राम प्रकाश सिंह दनुवार** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| २. | हरिपूर्वा नगरपालिका, सर्लाहीमा कार्यालय सहायक पदमा कार्यरत **अरुण कुमार यादव** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने